आज मिति २०८२ साल भाद्र १८ गते बुधबारका दिन यस देवानगञ्ज गाउँपालिकाका अध्यक्ष श्री बेचन प्रसाद मेहताज्यूको अध्यक्षतामा बसेको आ.व. २०८२/०८३ को छैटौं कार्यपालिका बैठक देहाय बमोजिमको उपस्थितिमा तपसिल बमोजिम निर्णय गरियो ।

**उपस्थिति** :

श्री बेचन प्रसाद मेहता - अध्यक्ष -

श्री कुमारी विभा यादव - उपाध्यक्ष -

श्री सुर्य नारायण पाल - वडा अध्यक्ष, वडा नं.१ -

श्री रमेन्द्र मेहता - का.व. वडा अध्यक्ष, वडा नं.२ -

श्री अनिल कुमार भगत - वडा अध्यक्ष, वडा नं.३ -

श्री सुशिल कुमार मेहता - वडा अध्यक्ष, वडा नं.४ -

श्री मनोज कुमार मण्डल - वडा अध्यक्ष, वडा नं.५ -

श्री हरि नन्दन मेहता - वडा अध्यक्ष, वडा नं.६ -

श्री सुर्य नारायण यादव - वडा अध्यक्ष, वडा नं.७ -

श्री रुणा देवी दास - कार्यपालिका सदस्य-

श्री उषा देवी यादव - कार्यपालिका सदस्य-

श्री सुनिता देवी यादव - कार्यपालिका सदस्य-

श्री सम्तुलिया देवी बाँतर - कार्यपालिका सदस्य-

श्री मनोज कुमार भगत - कार्यपालिका सदस्य-

श्री किशोर कुमार पाल - कार्यपालिका सदस्य-

श्री सुधिर साफी - सचिव -

**आमन्त्रित** :

श्री डण्डिकेशर खनाल - शिक्षा अधिकृत -

श्री बिन्देश्वर यादव - लेखा अधिकृत -

श्री वाल कुमार श्रेष्ठ - कम्प्युटर अधिकृत -

**प्रस्तावहरु :**

१. समिक्षा सम्बन्धमा ।

२. देवानगंज गा.पा. ४ मा रहेको दुर्गा मन्दिरको रंगरोगन सम्बन्धमा।

३. E-bidding गर्ने सम्बन्धमा ।

४. लेखा शाखाको लागि स्टोर रुम निर्माण गर्ने सम्बन्धमा ।

५. विद्युतिय सिचाई सञ्चालन सम्बन्धमा ।

६. जिन्सी शाखाको जिम्मेवारी सम्बन्धमा ।

**निर्णयहरु :**

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा मिति २०८२/०५/०८ गते भएको पाँचौं कार्यपालिका बैठकको निर्णयहरु सम्बन्धमा समिक्षा गर्दा संतोषजनक रुपमा कार्यान्वयन भएको व्यहोरा सर्वसम्मत निर्णय गरियो ।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा देवानगञ्ज गाउँपालिका वडा नं.४ मा रहेको दुर्गा मन्दिरको रंगरोगन गर्ने र प्राविधिकको मुल्याकंन अनुसार देवानगञ्ज गाउँपालिकाको आ.व.२०८२/०८३ को स्वीकृत बजेटको देवानगञ्ज गाउँपालिकाको पुजिगतको समपुरक कोषको खर्च शिर्षकबाट भुक्तानी दिने सर्वसम्मत निर्णय गरियो ।

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस देवानगञ्ज गाउँपालिका आ.व.२०८२/०८३ को तपसिल बमोजिमको स्वीकृत योजनाहरु संचालनका लागि E-bidding गर्ने भनी सर्वसम्मत निर्णय गरियो ।

**तपसिल**

| क्र.स. | योजनाको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | सुनसरी जिल्ला देवानगञ्ज गा.पा. २ मा वहुधार्मिक वहुसस्कृतिक भवन निर्माण कार्य । | देवानगञ्ज गा.पा. २ | |
| २. | देवानगञ्ज गा.पा. वडा नं. ७ देखि पूर्व हकपारा जाने बाटोमा कालो पत्रे कार्य । | देवानगञ्ज गा.पा. ७ | |
| ३. | शारदा आ.वि. देवानगञ्ज १ मा ८ कोठे भवन र बाउण्ड्री निर्माण कार्य | देवानगञ्ज गा.पा. १ | |
| ४. | वडा नं. २ मा इस्लामिया स्कुलमा २ कोठे निर्माण कार्य | देवानगञ्ज गा.पा. २ | |

| | | | |
|---|---|---|---|
| ५. | सुनसरी जिल्ला देवानगञ्ज गा.पा.५ वडा अन्तर्गत राजेश साह निवास देखि पूर्व लिखयाही घाट सम्मको सडको स्तरोन्नति कार्य । | देवानगञ्ज गा.पा. ५ | |
| ६. | सुनसरी जिल्ला देवानगञ्ज गाउपालिका वडा नं.३ को कृष्ण मा.वि.देखि पूर्व वडा नं. ६ को वडा अध्यक्ष हरिनन्दन मेहताको घर सम्मको सडक स्तरोन्नति कार्य । | देवानगञ्ज गा.पा. | |
| ७. | विपन्न तथा सीमान्तकृत समुदायका लागि नमुना आवास निर्माण कार्य । | देवानगञ्ज गा.पा. | |
| ८. | सरस्वती मा.वि. मा ८ कोठे भवन निर्माण कार्य देवानगञ्ज गा.पा. ७ । | देवानगञ्ज गा.पा. ७ | |
| ९. | खानेपानी टयुवेल खरिद गरी वितरण गर्ने गरिव विपन्नका लागि देवानगञ्ज गा.पा. १, २, ३, ४, ५, ६ र ७ सुनसरी । | देवानगञ्ज गा.पा. | |
| १०. | कृषि बजार निर्माण वडा नं. ३ । | देवानगञ्ज गा.पा. ३ | |

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस देवानगञ्ज गा.पा. को आर्थिक प्रशासन शाखाको कागजातहरु व्यवस्थित गर्नका लागि लेखा शाखाको लागि स्टोर रुम निर्माण गर्ने सर्वसम्मत निर्णय गरियो ।

५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा नेपाल विद्युत प्राधिकरण र देवानगञ्ज गाउँपालिका बीचको संयुक्त साझेदारीमा देवानगञ्ज गाउँपालिका अन्तर्गतको सातै वटा वडाहरुमा विद्युतीय सिचाई कार्यक्रम, २०८२ साल मंसिर मसान्त सम्ममा सञ्चालन गर्नेगरी नेपाल विद्युत प्राधिकरण र सम्बन्धित कार्यालयहरुमा समन्वयको लागि पत्रचार गर्ने सर्वसम्मत निर्णय गरियो ।

६. प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस देवानगञ्ज गाउँपालिकाको जिन्सी शाखा प्रमुखको जिम्मेवारी सूचना प्रविधि अधिकृत श्री जनार्दन प्रसाद मेहतालाई दिईएकोमा अर्को व्यवस्था नहुन्जेल सम्म यस गाउँपालिकामा कामकाजमा कार्यरत नायव सुब्बा श्री शिवशंकर मेहतालाई जिन्सी शाखा प्रमुखको जिम्मेवारी दिने सर्वसम्मत निर्णय गरियो ।